आज मिति २०७६ साल भाद्र २२ गते बिहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री सांधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुंभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण बिडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

मनहरी गांउपालिकाको आ.ब.०७६/०७७ को लागी राप्ती,मनहरी र अन्य खहरेहरुबाट संकलन गर्न मिल्ने प्रारम्भिक बातांबरणीय परिक्षण मुल्याङ्कन प्रतिबेदनमा उल्लेखित परीमाण बराबर नदीजन्य पदार्थ ढुङ्गा गीटी बालुवा लगायत श्रोतको उत्खनन गर्ने परिमाण र निकासी कार्यको र आ.ब.०७५/०७६ मा निकासी गरि बिभिन्न क्रसर तथा बालुवा उधोगहरु र फर्म कम्पनी सप्लायर्स संग बांकी रहेको स्टकसमेतमा प्रदेश कानुन बमोजिम दररेटमा बिक्रि शुल्क (आन्तरीक कर) संकलन गर्नकालागी नियमानुसार ठेक्का बन्दोबस्ती लगायत कार्य अगाडी बढाउन यस अघि कार्यपालिका बैठकबाट निर्णय भएकोमा सोही मितिको कार्यपालिकाबाट पुनः सुचना प्रकाशन गर्ने निर्णय समेतभएको आधारमा प्रकाशित सुचनाको अबिधभित्र बिभिन्न फर्म,कम्पनी,सप्लायर्सबाट बिबरण पेश भएकोमा प्राविधिकबाट नांपजांच गरि प्रतिबेदनमा उल्लेख गरिएको कुल नदिजन्य सामग्री परिमाणलाई समेत मिति २०७६/०५/१५ को राजस्व परामर्श समितिबाट प्रमाणीत गर्न सिफारिस भएको तपशीलको परिमाण समेत स्वीकृत गर्ने निर्णय गरियो ।साथै सो परिमाण समेत थप गरि ठेक्का बन्दोबस्ती कार्य अगाडी बढाउन सोही मितिमा बसेको राजस्व परामर्श समितिको निर्णय बमोजिमको शर्तहरु रहने गरि सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | उधोग फर्म कम्पनि सप्लायर्सको नाम | ईकाइ | प्रमाणीत मौज्दात परिमाण |
|---|---|---|---|
| १ | सिताष्म सप्लायर्स | घनमिटर | ८०० |
| २ | श्री प्रतापबाबा निर्माण एण्ड सप्लायर्स | घनमिटर | १८०० |
| ३ | एस.एण्ड टी. राई ब्रदर्स सप्लायर्स | घनमिटर | ८००० |
| ४ | बाबाधाम सप्लायर्स | घनमिटर | ११४० |
| ५ | प्रेमकमल सप्लायर्स | घनमिटर | ८००० |
| ६ | ब्रम्हकाली सप्लायर्स | घनमिटर | २५०० |
| ७ | डि.एस.सप्लायर्स | घनमिटर | १५०० |
| ८ | आफ्नै हार्डवेयर एण्ड सप्लायर्स | घनमिटर | २४०० |
| ९ | बिभिन्न खुल्ला स्थानमा रहेको नांपजांच भएको नाम नखुलेको | घनमिटर | ६०००० |

निर्णय नं.२

यस अघि मिति २०७६/०५/०७ को बैठकबाट यस बर्षको श्राबण अन्तिम साता परेको भारी बर्षातको कारण क्षतिग्रस्त भई पुनःआवागमन सुचारु गर्नुपर्ने बाटोहरु तथा तत्कालै संचालनमा ल्याउन पर्ने खानेपानी आयोजनाहरुको स्थलगत अनुगमन गरि मर्मतकोलागी लाग्ने मोटामोटी रकम समेतको प्रतिबेदन पेश गर्न सबै वडाहरुमा प्राबिधिक खटाउने निर्णय भए बमोजिम प्राबिधकहरुबाट पेश भएको प्रतिबेदन समेतको आधारमा तपशीलको वडाहरुलाई तपशील बमोजिमको रकमबाट तत्काल मर्मतको काम संचालन गर्न बजेट निकासा गरि नियमानुसार योजना संचालन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | वडा नं. | बजेट रकम | श्रोत |
|---|---|---|---|
| १ | १ | २५०००० | बिपद व्यवस्थापन |

निराज प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | २ | ३००००० | बिपद व्यवस्थापन |
| ३ | ३ | २५०००० | बिपद व्यवस्थापन |
| ४ | ४ | २००००० | बिपद व्यवस्थापन |
| ५ | ५ | २००००० | बिपद व्यवस्थापन |
| ६ | ६ | २५०००० | बिपद व्यवस्थापन |
| ७ | ७ | २००००० | बिपद व्यवस्थापन |
| ८ | ८ | १५०००० | बिपद व्यवस्थापन |
| ९ | ९ | २००००० | बिपद व्यवस्थापन |

**निर्णय नं.३**

गा.पा. क्षेत्रभित्र संचालित बिभिन्न वडाका बिभिन्न संघ/संस्था/व्यक्ति तथा जिल्ला भित्र संचालित बिभिन्न संघ/संस्था तथा निकायहरुले तपशिल बमोजिम योजना संचालन गरिदिन तथा आर्थिक सहयोग गरिदिन माग भई आएकोमा औचित्य समेतलाई मध्यनजर गर्दै तपशील बमोजिम शीर्षकबाट तपशील बमोजिमको बजेट रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील:

| सि.नं | कार्यक्रम योजनाको नाम | वडा/स्थान | बिनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | मदन भण्डारी स्पोर्टस् एकेडमी | लिग फुटबलमा भाग लिन (Anfa) | २०००० | चालु बिभिन्न खेलकुद कार्यक्रम प्रशिक्षण संचालन |
| २ | पालदमार सिंचाइ मर्मत | वडा नं ३ | पाईपलाइन पुर्ने/मुहान सफा गर्ने कामकोलागी रु.५०००० नगद र आबस्यक पाइप जिन्सिबाट खरीद गरि उपलब्ध गराउने | बिपद व्यवस्थापन |
| ३ | एक दिने निशुल्क स्वास्थ्य सिबिर संचालनमा भएको खाजा/खाना तथा बिबिध खर्च भुक्तानी गर्ने | वडा नं ६ | ३२९२५ | बिबिध |
| ४ | बस्तिपुर जेसिज को माग बमोजिम ख क्षत्रको सम्पन्न सम्मेलनमा भएको खर्चमा गा.पा.मा पेश भएको बिलको रकम भुक्तानी | हेटौंडा १९ बस्तिपुर | २०००० | भैपरी आउने |
| ५ | मसिनेखोला कालिदमार सिंचाई मर्मत | वडा नं ३ | १५०००० | बिपद व्यवस्थापन |
| ६ | श्री महेन्द्रज्योति मा.बि. पहिरो रोकथाम | वडा नं ३ | ५०००० | बिपद व्यवस्थापन |
| ७ | गांउसभा हलमा अधुरो कम्पाउण्ड वाल निर्माण सम्पन्न गर्ने | वडा नं ३ | | भैपरी आउने |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८. | गांउसभा हलमा रहेको सभा हल परिसरमा सेफ हाउस निर्माण गर्ने | वडा नं ३ | | भैपरी आउने |
| ९ | सभाहल परिसरमा चमेना गृह तथा भान्साघर निर्माण | वडा नं ३ | | भैपरी आउने |
| १०. | बशन्तपुर खानेपानी पाइपलाइन खन्ने र पुर्ने | ५ | ३,००००० | भैपरी आउने |

**निर्णय नं ४.**

मनहरी गा.पा.को आर्थिक ऐन २०७६ को दफा ६ मा उल्लेखित बिज्ञापन कर अनुसुची ८ को दरमा संकलन गर्ने प्रयोजनकोलागी प्राबिधिकबाट ल.ई.तयार भएकोमा ल.ई.मा उल्लेखित रु.९७४६२.५० रकमलाई न्युनतम अंक मानि बढाबढको माध्यमबाट डांक कबोल गर्नको लागी कार्यालयमा सुचिकृत तपशीलका फर्महरु संग सोझै प्रस्ताब माग गर्ने र पेश भएको डांक कबोल मध्य सबैभन्दा बढी राजस्व असुली गरि दाखिला गर्न सहमत भएको फर्म संग यस चालु आ.ब.को लागी सम्झौता गर्न आबस्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशील:

| सि.नं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | छांया एडभरटाईजिङ्ग | बिराटनगर,मोरङ्ग |
| २ | स्मार्ट सिटी सोलुसन्स प्रा.लि. | काठमाण्डौं |
| ३ | आकृति एडभरटाईजिङ्ग | बिराटनगर,मोरङ्ग |

**निर्णय नं ५**

वडा नं ३ को वडा कार्यालय क्षत्र,रातोमाटे मिलडांडा,भुन्द्रङ्ग,पालदमार,शिद्धकाली लगायत टोलहरुमा बिधुत पोल सुधार,नयां ट्रान्सफर्मर जडान,तार प्रसारण लाइनको तार फेर्ने लगायत कार्यका लागी गत आ.ब.०७५/०७६ मा वडा बिधुतिकरण कार्यक्रम अन्तर्गत रु.११५०००० । बिनियोजन गरेकोमा सो काम प्राबिधिक कारणबस हुन नसकि योजना कार्यान्वयन गर्न बांकी रहेको तथा सो कार्य हुन नसक्दा बिधुतिय दुर्घटनाको जोखिम रहेकोले गत बर्ष भुक्तानि दिन बांकी बजेटबाट खर्च लेख्ने गरि नेपाल बिधुत प्राधिकरण हेटौडा शाखालाइ प्राधिकरणलेनै काम सम्पन्न गर्ने र मुल्यांकनको आधारमा भुक्तानी पाउने गरि कार्यान्वयन गर्न लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं ६**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गर्दै मनहरी गांउपालिकाको खेलकुद क्षेत्रलाइ मर्यादित,प्रतिस्पर्धात्मक र व्यबस्थित तबरबाट संचालन गर्ने उद्धेश्यले तयार भएको मनहरी गांउपालिकाको खेलकुद बिकास कार्यबिधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

आ.ब.०७६/०७७ को बार्षिक बजेटमा उल्लेख भएको कार्यक्रम क्रियाकलाप मध्य चालु खर्च शीर्षकमा बिनियोजित तिज बिशेष कार्यक्रम अन्तर्गत महिला अधिकार बिषयक अन्तरक्रिया कार्यक्रममा भएको खाना खाजा बापत सिजन टेन्ट एण्ड क्याटरिङ्ग सर्भिस लाई भुक्तानी गर्नु पर्ने बिल बमोजिमको रकम रु. ३१८७५०।भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ८

आ.ब.०७६/०७७ को बार्षिक बजेटमा उल्लेखित सार्बजनिक निर्माण आयोजना तथा अन्य पूंजीगत/चालु कार्यक्रम क्रियाकलापलाई चौमासिक रुपमा बिभाजन गरि कार्यान्वयनका लागी तयार भएको बार्षिक कार्ययोजना-२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९

गांउपालिकाबाट भवन निर्माण सम्बन्धि मापदण्ड-२०७५ बमोजिम मापदण्ड लागु हुनु पूर्व बनेका भबन अभिलेखिकरण र नयां नक्सा पास गर्ने सिलसिलामा आइपर्ने बिबिध समस्याहरुलाइ समाधानकोलागी तपशील बमोजिमको समस्या समाधान सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपशील:

| | |
|---|---|
| गांउपालिका अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ठाकुरराम तितुङ्ग | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ई.अमितकुमार ठाकुर | सदस्य-सचिव |

निर्णय नं १०

आ.ब.०७६/०७७ मा कार्यान्वयन हुने गरि चालु खर्च शीर्षक खेलकुद सामग्री बितरण मा बिनियोजित रु.१५००००। मध्यबाट चाडबाड लगायत टोलका युवा तथा किसोर/किसोरीकालागी अभ्यास गर्न बल/भलिबल लगायत अन्य खेलकुद सामग्री खरीद गरि उपलब्ध गराउन प्रत्यक वडालाई रु १५०००।का दरले रकम निकासा गरि बिल प्रा.. भएपछि भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस मनहरी गांउपालिका अन्तर्गत रहेको बालमैत्री गांउपालिका कार्यान्वयन समिति (Task force) ले मिति २०७६/०५/१८ मा बैठक बसि गरिएको बिभिन्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

मनहरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
मैया, मकवानपुर
३ नं. प्रदेश, नेपाल

निर्णय प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष